बैठक संख्या: १२१ (एक सय एक्काईस)
समय: बिहान ८:०० बजे

आज मिति २०८२ फागुन १० गते आइतबारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटीं | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

## १२१ औं कार्यपालिका बैठक (मिति २०८२ फागुन १० गते) को प्रस्तावनाहरुः

**प्रस्तावहरूः**

१. विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।

२. हर्मेटिक स्टोरेजको डि.पि.आर प्रस्तुतीकरण र स्वीकृति सम्बन्धमा ।

३. तादी नदी खोला स्थानबाट बिक्रि हुने ढुङ्गा,गिटी,बालुवा,ग्रावेल स्लेट,ढुङ्गामाटो आदि नदीजन्य र निमार्णजन्य सामग्रीको कर संकलन कर असुल गर्ने ठेक्का स्वीकृति र संझौता गर्ने सम्बन्धमा।

४. विविध

   १. आर्थिक विकास समितिको मिति २०८२।१०।०४ को निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

   २. स्थानीय राजश्व परामर्श समितिको मिति २०८२।१०।०४ गतेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

   ३. कित्तागत जग्गा वर्गिकरण कार्यान्वयन सम्बन्धमा ।

निर्णयहरुः

१. नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु सम्बन्धित शाखा प्रमुखहरुलाई विधि र प्रक्रिया पुऱ्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२. चालु आर्थिक वर्ष २०८२।०८३ का लागि वागमति प्रदेश सरकारबाट यसै नगरपालिकामा हर्मेटिक स्टोरेज निर्माणका लागि रु.एक करोड बजेट विनियोजन भएको छ। उक्त विनियोजित बजेटबाट हर्मेटिक स्टोरेज निर्माण सम्बन्धी खरिद प्रक्रिया अगाडि बढाउन विस्तृत परियोजना प्रतिवेदन तयार भई नसकेको कारण नसकिएकोले मिति २०८२ को नगरप्रमुख स्तरीय निर्णय अनुसार यस परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने गरी भएको निर्णय अनुमोदन गरियो। साथै यस कार्यालयबाट कुनै पनि डि.पि.आर. तयार गर्ने सम्बन्धमा कुनै मापदण्ड निर्माण भई नसकेकोले नेपाल सरकार, प्रदेश सरकारबाट तत् सम्बन्धमा तयार भएका मापदण्डको पालना गरी लागत अनुमान तयार गर्ने लगायतको काम गर्न कार्यालयलाई स्वीकृति दिनुका साथै कार्यालयमा यस किसिमको डि.पि.आर. तयार गर्न सक्ने विज्ञ प्राविधिक कर्मचारी नभएको कारण परामर्शदताबाट उक्त कार्य गराउन स्वीकृत प्रदान गर्दै परामर्शदाताबाट प्रस्तुत भएको प्रतिवेदन स्वीकृत गरी नियमानुसार कर लगायतको रकम कट्टि गरी भुक्तानी दिने र सोको आधारमा निर्माण कार्यको प्रक्रिया अगाडि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

३. यस कार्यालयको २०८२ माघ ४ गतेको स्थानीय राजश्व परामर्श समितिको निर्णय अनुसार तादीनदी खोलाको नदीजन्य निर्माण सामग्री उत्खनन् तथा संकलनमा कर संकलन गर्न विद्युतीय बोलपत्र आव्हान गरिएकोमा पि.एल.एस.कन्स्ट्रक्सन प्रा.लि. विदुर,२ मूल्य अभिवृद्धिकर समेत रु.९७ लाख २३ हजार छ सय पचास मात्र कवोल गरी पेश गरेको एक मात्र बोलपत्र न्यूनतम कवोल अंक रु.८५,००,०००(मु.अ.कर बाहेक) भन्दा बढी नै भएकोले बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार आशयको सूचना प्रकाशित भई सकेकोले आशयको सूचनाको म्यादभित्र कुनै उजुरी नपरेमा निजको आय ठेक्का स्वतःस्वीकृत हुने र नियमानुसारको रकम लिई संझौता गर्ने सर्वसम्मत निर्णय गरियो।

४.विविध

१. विदुर नगरपालिका कृषि विकास शाखाको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सशर्त तर्फको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम सञ्चालनका लागि रु.११,७५,०००/-(अक्षेरूपी एघार लाख पचहत्तर हजार मात्र) रकम विनियोजित भएको र उक्त कार्यक्रममार्फत धान, गहुँ र मकै बालीका नेपाली वर्णशंकर तथा स्वदेशी खुला सेचित जातहरूको बीउ कृषकको माग बमोजिम खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिने व्यवस्था बीउबिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ मा रहेको छ। उक्त कार्यक्रम विद्युतीय बीउ व्यवस्थापन प्रणाली (DESES) मार्फत गरिने भएतापनि हाल प्राविधिक कारणवस उक्त DESES प्रणाली संचालन नभएको हुँदा सम्बन्धित स्थानीय तहले निर्णय गरी प्रचलित नियमबमोजिम मकैको बीउ खरिद गरी वितरण गर्न सकिने मौखिक जानकारी आएको हुँदा १५ दिने मकैको उन्नत बीउ मागको सूचना प्रकाशित गरी आएको माग र बजेटको अवस्था अनुसार मकैको बीउ खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गर्ने भनी आर्थिक विकास समितिले मिति २०८२/१०/०४ मा गरेको निर्णयलाई सर्वसम्मत रूपमा अनुमोदन गर्ने निर्णय गरियो।

२. दहत्तर बहत्तर लगायत कवाडीजन्य पदार्थको ठेक्का सम्बन्धमा छलफल गर्दा विदुर नगरपालिकाको क्षेत्रभित्र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार त्रिशुली, तादी, सलाखु, फलाखु, सामरी, गेर्खु खोलाको बगर क्षेत्रमा उत्खनन गर्न सकिने ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थ र कवाडीजन्य पदार्थको विभिन्न मितिमा पाँचौं पटकसम्म एकमुष्ट वा टुक्रा–टुक्रा गरी समय अनुसार निर्माणजन्य पदार्थको परिमाण र रकम घटाई प्रकाशन गर्दा समेत कुनै पनि बोलपत्रदाताको बोलपत्र पेश नभएकोले अब सूचना प्रकाशन प्रक्रियामा जाँदा कर संकलन गर्ने समय घट्ने हुँदा, गत वर्षको कर संकलनको अवस्था र नगरपालिकाबाट नै अमानत मार्फत कर संकलन गरी रहँदा कार्यालयका कर्मचारीहरू परिचालन भई सार्वजनिक खर्च बढ्न सक्ने कुरा समेतलाई मध्यनजर गर्दै विदुर नगरपालिकाभित्रको क्षेत्रलाई तपसिल अनुसार भागमा वर्गीकरण गरी र तपसिल अनुसारको परिमाण र रकममा पेश गर्नेगरी तादी नदीको हकमा ३० दिने विद्युतीय बोलपत्र प्रकाशन गर्न र त्रिशुली नदी र कवाडीको हकमा १५ दिने सिलबन्दी दरभाउपत्र प्रकाशन गर्न कार्यपालिकालाई सिफारिस गरिएको उक्त राजस्व परामर्श समितिको मिति २०८२।१०।०४ को निर्णयलाई सर्वसम्मत रूपमा अनुमोदन गर्ने निर्णय गरियो।

| सं. | विवरण | घ.मि. | घ. फि. | राजश्व रकम (मु.अ. कर वाहेक) रु |
|---|---|---|---|---|
| | त्रिशुली पुरानो पुलदेखि माथि वेत्रावतिसम्म, सलाखु, फलाखु र गेर्खु | ४०४५.८ | १४२८५७ | १०,००,००० |
| | तादी नदी | ३४३८९.३ | १२१४२८५ | ८५,००,००० |
| | कवाडी | | | ४,००,००० |

३.मिति २०८२ पौष १४ गते बसेको स्थानीय भू-उपयोग परिषदबाट स्वीकृत विदुर नगरपालिका वडा नं. १ देखि १३ सम्मका सबै वडाको जग्गाको कित्तागत वर्गिकरण स्वीकृत गरी पठाइएकोले उक्त निर्णय अनुमोदन गरी कित्तागत वर्गिकरण कार्यान्वयनको लागि मालपोत कार्यालय नुवाकोट र नापी कार्यालय नुवाकोटमा लेखी पठाउने सर्वसम्मत निर्णय गरियो ।